# 1　一人1台の学習者用端末

都立高校の生徒は、一人１台の学習者用端末（スマート・スクール端末）を毎日の学習や学校との連絡など、高校生活に不可欠なツールとして使います。



授業で使用する資料の配布やレポートの提出はスマート・スクール端末を通して行われます。学校からの連絡、委員会や部活動の情報交換などにおいても使われます。

自宅では、授業で課されたレポートや、自らテーマを設定する課題研究の論文などに取り組むために使用します。調べたことを発表するための資料を整えたり、スライドを作成したりすることもあるでしょう。

スマート・スクール端末は、生徒自身が管理します。使いやすくなるよう、自分の端末をカスタマイズすることができます。勉強に役立つものなど、必要なアプリ・ソフトウェアをインストールできます。

この端末は、都立高校の生徒にとって、高校生活を充実させるマストアイテムです。



## 都立高校への入学時に、学習者用端末の準備が必要です。

都立高校では、教育活動のあらゆる場面において、高校段階の学びにふさわしい生徒所有の一人１台端末を活用することにより、一人一人の力を最大限に伸ばしていきます。

端末の購入には、東京都から支援があり、保護者負担額は原則３万円です。

令和６年度入学生の端末購入にかかる保護者負担額は、以下のとおりです。

（令和７年度入学生に対する支援内容については後日決定します）

| 保護者負担額※<br>３０，０００円 | 東京都支援額 |
|---|---|

端末価格

※　扶養する２３歳未満の子等が３人以上いる世帯や給付型奨学金受給対象世帯については、保護者負担額をさらに軽減する制度があります。（給付型奨学金については２８ページ参照）

支援の詳細は、以下のリンクを御参照ください。

| 端末購入支援金について | https://www.kyoiku.metro.tokyo.lg.jp/admission/tuition/tuition/device_monetary_assistance.html |
|---|---|

令和７年度入学生向け支援の詳細は、上記ホームページや情報教育ポータルサイト「とうきょうの情報教育」等で、随時お知らせします。

【問い合わせ先】　東京都教育庁総務部デジタル推進課　電話　０３（５３２０）７４７７（直通）



# १　प्रति व्यक्ति एक सिक्ने उपकरण

**टोक्यो महानगरीय उच्च विद्यालयका विद्यार्थीहरूले आफ्नो दैनिक अध्ययन र विद्यालयसँगको सम्पर्कका लागि एक-एकवटा अध्ययन उपकरण (स्मार्ट स्कूल उपकरण) प्रयोग गर्नेछन्।**



कक्षाका प्रयोग हुने सामग्रीहरू वितरण र प्रतिवेदन पेश गर्ने काम स्मार्ट स्कूल उपकरण मार्फत गरिनेछ। यो उपकरण विद्यालयको सूचनाका लागि, समितिहरू र क्लब गतिविधिहरू सम्बन्धी जानकारी आदान-प्रदानका लागि पनि प्रयोग गरिनेछ।

घरमा, कक्षामा दिइएका प्रतिवेदनहरूमा काम गर्न र विद्यार्थीहरूले आफैंले सेट गरेका विषयहरूको अनुसन्धान परियोजनाहरूमा काम गर्न प्रयोग गरिनेछ। यसले प्रस्तुतीकरणका लागि सामग्री तयार गर्न वा स्लाइडहरू बनाउन पनि प्रयोग गर्न सकिन्छ।

विद्यार्थीहरूले आफ्नो स्मार्ट स्कूल उपकरण आफैं व्यवस्थापन गर्नेछन्। उनीहरूले आफ्नो उपकरणलाई प्रयोग गर्न सजिलो बनाउन सक्छन् र अध्ययनमा उपयोगी हुने आवश्यक अनुप्रयोगहरू र सफ्टवेयरहरू इन्स्टल गर्न सक्छन्।

यो उपकरण टोक्यो महानगरीय उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरूका लागि अत्यावश्यक वस्तु हो।



## टोक्यो महानगरीय उच्च माध्यामिक विद्यालयमा भर्ना हुँदा, अध्ययन उपकरणको तयारी गर्न आवश्यक छ।

टोक्यो महानगरीय उच्च माध्यामिक विद्यालयहरूमा, प्राय शैक्षिक गतिविधिहरूमा, उच्च माध्यामिक तहको अध्ययनमा उचित एक-एकवटा विद्यार्थीको व्यक्तिगत उपकरणलाई प्रयोग गरी, प्रत्येक विद्यार्थीको क्षमतालाई अधिकतम बनाइने छ।

उपकरण खरिदमा टोक्यो महानगरीय सरकारबाट वित्तीय सहयोग छ, र अभिभावकहरूको भार सामान्यतया ३०,००० येन हुन्छ।

२०२४ (रेइवा ६)शैक्षिक सत्रमा भर्ना हुने विद्यार्थीहरूको लागि उपकरण खरिदमा अभिभावकको भार निम्नानुसार छ:

(२०२५ (रेइवा ७)शैक्षिक सत्रमा विद्यार्थीहरूका लागि समर्थनको विवरण पछि निर्णय गरिनेछ।)

| अभिभावकको भार रकम※<br>३०.००० येन | टोक्यो सहयोग रकम |
|---|---|

उपकरणको मूल्य

※　२३ वर्ष मुनिका तीन वा बढी बच्चा भएका परिवारहरू वा अनुदान-प्रकारका छात्रवृत्ति प्राप्त गर्ने परिवारहरूका लागि अभिभावकको भार अझ कम गर्ने योजनाहरू छन् (अनुदान-प्रकारका छात्रवृत्ति बारेमा जानकारीका लागि पृष्ठ २८ हेर्नुहोस्)।

सहयोगको विवरणको लागि, निम्न लिङ्क हेर्नुहोस् ।

| उपकरण खरिद सहयोगको बारेमा | https://www.kyoiku.metro.tokyo.lg.jp/admission/tuition/tuition/device_monetary_assistance.html |
|---|---|

**२०२५ (रेइवा ७) शैक्षिक सत्रका विद्यार्थीहरूको लागि सहयोगको विवरण माथिको वेबसाइट र सूचना शिक्षण पोर्टल "टोक्योको सूचना शिक्षा" मा आवश्यकतानुसार सूचित गरिनेछ।**

[सम्पर्क जानकारी]　टोक्यो महानगरीय शिक्षा विभाग डिजिटल प्रवर्द्धन विभाग फोन: ०३ (५३२०) ७४७७ (डाइरेक्ट)